  

# खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन बोर्ड अवधारणा



**खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा व्यवस्थापनको दिगो समाधान**

## ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना, तेस्रो चरण

सुदूरपश्चिम र कर्णाली प्रदेश, नेपाल

GOVERNMENT OF NEPAL

EUROPEAN UNION

Ministry for Foreign Affairs of Finland

## पृष्ठभूमी

ग्रामीण जलस्रोत व्यवस्थापन परियोजनाले स्थानीय सरकारसंग सुमधुर सम्बन्ध स्थापित गरी उनीहरुसंगै काम गरैको लामो इतिहास रहेको छ। परियोजनाले सन् २००६ देखि नेपालको सुदूरपश्चिम र कर्णाली प्रदेशका १० वटा जिल्लाहरु (अछाम, बैतडी, बझाङ्ग, बाजुरा, डडेल्धुरा, दैलेख डोटी, दार्चुला, हुम्ला र कैलाली) मा खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन र जीविकोपार्जन प्रबर्द्धन क्षेत्रमा तत्कालीन स्थानीय निकाय र हाल स्थानीय सरकारसंग काम गर्दै आइरहेको छ । परियोजनाले तेस्रो चरण सम्ममा उल्लेखित जिल्लाका कुल ६८ वटा स्थानीय तहहरुमा काम गरिसकेको छ। आर्थिक वर्ष २०७७/७८ मा २७ वटा लक्षित र ३६ वटा प्रस्तावमा आधारित गरि कूल ६३ वटा स्थानीय तहहरुमा परियोजना कार्यरत रहेको थियो भने चालु आर्थिक वर्ष २०७८/७९ मा २७ वटा लक्षित गाउँपालिकहरुमा परियोजना कार्यरत छ।

> संयुक्त राष्ट्र संघको दिगो विकास लक्ष्य ६.१. **"सन २०३० सम्ममा सबैका लागि सुरक्षित तथा खर्चले धान्न सक्ने मूल्यमा पिउने पानीमा सर्वसुलभ तथा समतामूलक पहुँच हासिल गर्ने"** रहेको छ।

परियोजनाको पहिलो चरण सन् २०१० मा र दोस्रो चरण २०१६ मा सम्पन्न भै हाल तेस्रो चरण सञ्चालनमा रहेको छ । तेस्रो चरण २०२२ मा सम्पन्न हुने छ। परियोजनाले चार नतिजा क्षेत्रहरू क्रमश: खानेपानी, सरसफाइ तथा स्वच्छता; जीविकोपर्जन; नवीकरणीय उर्जा र जलवायु परिवर्तन; र सु-शासनसनको लागि क्षमता विकासमा काम गर्दछ । अर्को अर्थमा परियोजनाले स्थानीय सरकारहरुसंगको सहकार्यमा सम्बन्धित स्थानीय तहहरु र समुदायको क्षमता अभिवृद्धि गर्दै खानेपानी, सरसफाइ तथा स्वच्छता र जीविकोपर्जन प्रबर्द्धनमा काम गर्दछ।

खानेपानी, सरसफाइ तथा स्वच्छता सेवाको दिगोपना सुनिश्चित गरिनु पर्दछ । खानेपानी, सरसफाइ तथा स्वच्छता सेवाको दिगोपना कायम राख्न स्थानीय सरकारहरूले खानेपानी प्रणालीहरुको सञ्चालन तथा मर्मत सम्भारका लागि रणनीतिक एवम् व्यवहारिक व्यवस्थापनका साथै पूर्ण सरसफाइ र मर्यादित महिनावारी व्यवस्थापन सम्बन्धि आवश्यक क्रियाकलापहरू कार्यान्वयन गर्नुपर्दछ।

नेपालको संविधान २०७२ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को प्रावधान अनुसार नागरिकलाई खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा प्रवाह गर्न स्थानीय सरकारहरुलाई जिम्मेवारी प्रदान गरिएको छ । यो जिम्मेवारी पुरा गर्नको लागि स्थानीय सरकारहरूले आफ्नो स्थानीय तह भित्र स्थानीय नीति नियमहरू र स्थानीय स्तरमा साझेदारी गर्नु आवश्यक हुन्छ।

### खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन बोर्ड अवधारणाका मुख्य बुँदाहरू

- **खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन बोर्ड**
- **खानेपानी, सरसफाइ तथा स्वच्छता इकाई**
- **गाउँपालिका स्तरीय खानेपानी तथा सरसफाइ योजना मर्मत सम्भार कोष**
- **गाउँपालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता - व्यवस्थापन सुचना प्रणाली**
- **खानेपानी तथा सरसफाइ उपभोक्ता समिति दर्ता तथा नविकरण**
- **खानेपानी तथा सरसफाइ उपभोक्ता समिति सञ्जाल**
- **खानेपानी तथा सरसफाइ उपभोक्ता समितिले वार्षिक प्रतिवेदन गर्ने**
- **खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको वार्षिक मूल्यांकन**
- **खानेपानी तथा सरसफाइ उपभोक्ता समिति पुरस्कृत हुने**
- **दिगो लक्ष प्राप्तिको लागि प्रतिबद्धता**

खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको सुशासनलाई संस्थागत गर्न गाउँपालिकहरुसंगको परामर्श र समन्वयमा परियोजनाले खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन बोर्ड अवधारणाको विकास गरेको छ। यो अवधारणा खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको दिगो व्यवस्थापन को उपयुक्त उपायको रुपमा अघि सारिएको छ। यस अवधारणालाई नीतिगत रुपमा स्थापित गरि कार्यान्वयन गर्नको लागि परियोजना कार्यरत २७ वटा लक्षित गाउँपालिकहरुमा आ.व. २०७६/७७ मा खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन निर्देशिका तयार पारि लागु भएको छ। यो निर्देशिका स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रदत्त गरेको अधिकार प्रयोग गरी परियोजनाको प्राविधिक सहयोगमा गाउँपालिकाहरुले तयार पारेको हो । यस निर्देशिकाका प्रावधान अनुसारका २७ वटै गाउँपालिकहरुमा खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन बोर्ड गाउँपालिकाको औपचारिक अंगको रुपमा स्थापना भै सकेका छन्।

## खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन बोर्डको संरचना

खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन बोर्डको संस्थागत संरचना निर्देशिकामा उल्लेख गरिएको छ । अधिकांश गाउँपालिकाहरुमा गाउँपालिका अध्यक्षले नै बोर्ड को अध्यक्षता गर्नु भएको छ।




### खानेपानी सरसफाइ तथा स्वच्छता व्यवस्थापन बोर्डको भूमिका:

खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन बोर्डको मुख्य जिम्मेवारी भनेको स्थानीय तहमा खानेपानी, सरसफाइ तथा स्वच्छताको क्षेत्रमा सुशासन प्रबर्द्धन गर्नु हो। बोर्डका मुख्य कर्तव्यहरु तल प्रस्तुत गरिएका छन:

- स्पष्ट परिकल्पना सहित खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको आवधिक योजनाहरु तयार पार्ने।
- खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको बजेट विनियोजन सहित वार्षिक योजना तर्जुमा गर्ने।
- खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्र सम्बन्धी आवश्यक नीति निर्माणमा गाउँ कार्यपालिकालाई सहयोग गर्ने।
- गाउँपालिका खानेपानी, सरसफाइ तथा स्वच्छता - व्यवस्थापन सूचना प्रणाली स्थापना गरी क्रियाशील गर्ने।
- गाउँपालिका स्तरमा खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन कोष स्थापना गरी सञ्चालन गर्ने।
- खानेपानी प्रणालीहरुको सञ्चालन तथा दिगोपना सुनिश्चित गर्ने।

- गाउँपालिकालाई पूर्ण सरसफाइयुक्त अवस्थामा पुरयाउन पूर्ण सरसफाइ तथा स्वच्छता सम्बधी क्रियाकलापहरु तर्जुमा गरी कार्यान्वयन गर्ने ।
- गाउँपालिका अन्तर्गत सार्वजनिक स्थानहरुको लागि सरसफाइ सम्बधी कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गर्ने ।
- गाउँपालिका अन्तर्गतका सबै संस्था एवम् विद्यालयहरुमा सरसफाइ व्यवस्थापन गर्ने।
- गाउँपालिकाको मर्यादित महिनावारी व्यवस्थापनयुक्त अवस्था हासिल गर्न सो सम्बन्धी लक्षित क्रियाकलापहरु तर्जुमा गरि कार्यान्वयन गर्ने।

## खानेपानी, सरसफाइ तथा स्वच्छता इकाई

खानेपानी, सरसफाइ तथा स्वच्छता इकाईले खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन बोर्डको मातहतमा रही कार्य सञ्चालन गर्ने तथा बोर्डको सचिवालयको रुपमा काम गर्दछ।

### खानेपानी, सरसफाइ तथा स्वच्छता इकाई:

- वार्षिक कार्यक्रममा पहिचान गरिएका सरसफाइ, स्वच्छता र मर्यादित महिनावारी व्यवस्थापन सम्बन्धी क्रियाकलापहरु कार्यान्वयन तथा सो को लागि आवश्यक समन्वय गर्ने।
- खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापनको लागि खटाईएका व्यक्ति, स्वयम् सेवक, विद्यालय, युवा क्लबहरू, आमा समूहहरू, र समुदायमा आधारित संस्थाहरूको अनुगमन, सहजीकरण र सुपरिवेक्षण गर्ने।
- गाउँपालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता - व्यवस्थापन सूचना प्रणाली स्थापना गरी अध्यावधि गर्ने र आवश्यक भएको बेला खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन बोर्डलाई स-प्रमाण निर्णय गर्न वास्तविक तथ्याङ्क उपलब्ध गराउने।
- खानेपानी तथा सरसफाइ उपभोक्ता समितिले वडा कार्यालय मार्फत पेश गरेका योजनाको सञ्चालन अवस्थाको प्रतिवेदन संग्रह गरी व्यवस्थापन सूचना प्रणाली अध्यावधिक गर्ने र प्रस्तावित कार्य योजना सहित को योजनाहरुको अवस्थाको सारांशगत विवरण खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन बोर्डमा पेश गर्ने। प्रतिवेदन पेश नगर्ने वडाहरुलाई ताकेता गरि प्रतिवेदन प्राप्त गर्ने।
- खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको गठन/पुनर्गठन र दर्ता/नविकरण गर्ने काममा सहजीकरण गर्ने।
- सबै खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरुको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन गर्ने कार्यमा सहयोग गर्ने र उपभोक्ता समितिहरुको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापनको मूल्यांकन गर्ने ।
- सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापनमा उत्कृष्ट खानेपानी तथा सरसफाइ योजनाहरु छनौट गरी पुरस्कृत गर्न बोर्ड मार्फत गाउँ कार्यपालिकामा पेश गर्ने, मूल्यांकनमा कमजोर अंक प्राप्त गर्ने उपभोक्ता समितिहरुलाई समिति पुनर्गठन, व्यवस्थापन तालिम तथा अन्य उपायहरु मार्फत सक्रिय बनाउन सहजीकरण गर्ने।
- विद्यमान खानेपानी तथा सरसफाइ योजनाहरुको आवधिक रुपमा अनुगमन तथा मूल्यांकन गर्ने पद्धति स्थापना गर्ने।
- खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको वार्षिक प्रतिवेदन तयार गरी खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन बोर्डमा पेश गर्ने।
- आपतकालिन तथा ठूलो मर्मतको आवश्यकता अध्ययन गरी आर्थिक सहयोगको लागि समितिमा सिफारिस गर्ने।
- खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन बोर्डले तोके बमोजिम खानेपानी तथा सरसफाइ योजनाहरुको दिगोपना व्यवस्थापन सम्बन्धि अन्य कृयाकलापहरु सहयोग तथा सञ्चालन गर्ने।
- खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन बोर्डको प्रशासनिक तथा अन्य अभिलेखकरण सहित समितिको सचिवालयको कार्य गर्ने।

## खानेपानी तथा सरसफाइ उपभोक्ता समिति सञ्जाल

गाउँपालिकामा खानेपानी तथा सरसफाइ उपभोक्ता समिति सञ्जाल रहन्छ। यस सञ्जालको अध्यक्ष खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन बोर्डको पदेन सबस्यको रुपमा मनोनित गरिन्छ। यो सञ्जालले खानेपानी तथा सरसफाइ उपभोक्ता समिति, खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन बोर्ड र अन्य दातृ संस्थाहरुसंग पुलको काम गर्दछ। यो सञ्जालले खानेपानी प्रणालीहरुका सञ्चालन तथा मर्मत सम्भार सम्बन्धी सवाल र समस्या पहिचान गरि तिनीहरुको समाधानको बाटो खोज्ने गर्दछ। समग्रमा यो सञ्जालको मुख्य भूमिका भनेको योजनाको दिगो सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापनको लागि उपभोक्ता समितिहरुको संस्थागत क्षमता अभिवृद्धि गर्न पैरवी गर्ने र उपभोक्ता समितिहरुलाई आवश्यक सहयोग गर्नु रहेको हुन्छ ।

सबै खानेपानी तथा उपभोक्ता समितिहरु सञ्जालमा आबद्ध हुनु अनिवार्य हुन्छ। यसका साथै योजनाको सञ्चालन तथा मर्मत सम्भार कोष जम्मा गरि वृद्धि गर्न र खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन सम्बन्धी अन्य सेवा प्राप्त गर्न स्थानीय विश्वसनीय सहकारीमा आबद्ध हुन, सबै खानेपानी तथा उपभोक्ता समितिहरु प्रोत्साहित गरिन्छन।

## मर्मत सम्भार कोष

खानेपानी तथा सरसफाइ योजनाहरुको दिगो सञ्चालन व्यवस्थापनको लागि मर्मत सम्भारमा खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरुलाई आवश्यक सहयोग गर्न गाउँपालिकास्तरमा खानेपानी तथा सरसफाइ योजना मर्मत सम्भार कोष स्थापना गरिन्छ। योजनाहरुको अवस्था पहिचानको आधारमा खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन बोर्डले कुनै पनि योजनालाई मर्मत सम्भार गर्न गाउँ कार्यपालिकालाई सिफारिस गर्न सक्ने छ। तर यस्तो सिफारिस गर्नु भन्दा पहिला बोर्डले उपभोक्ता समितिहरुले योजनामा निम्न बमोजिमको न्यूनतम मापदण्ड कायम गरेको सुनिश्चित गर्ने छ:

- उपभोक्ता समितिले खानेपानी सुरक्षा योजना तर्जुमा गरी कार्यान्वयन गरेको तथा खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन कार्यविधि कार्यान्वयन गरेको।
- उपभोक्ता समिति गाउँपालिकामा दर्ता भै बार्षिक रुपमा नियमित नवीकरण भएको।
- उपभोक्ता समितिको आफ्नो सञ्चालन तथा मर्मत सम्भार कोष भएको र नियमित रुपमा पानी महशुल उठाउने गरेको।
- उपभोक्ता समितिले औजारहरु तथा जगेडा पार्टपूर्जाहरुको व्यवस्था गरेको ।
- उपभोक्ता समितिले मर्मत सम्भार कार्यकर्ता नियुक्त गरी परिचालन गरेको।
- उपभोक्ता समितिले बार्षिक साधारण सभा गरी खर्च तथा कार्यक्रमहरुको सार्वजनिक परिक्षण नियमित रुपमा गर्ने गरेको।
- उपभोक्ता समितिले लेखापालन तथा भण्डार श्रेष्ता दुरुस्त राखेको।

## खानेपानी गुणस्तर व्यवस्थापन

प्रत्येक खानेपानी तथा सरसफाइ योजनामा खानेपानी सुरक्षा योजना तयार भै कार्यान्वयन भएको हुनु पर्दछ। सबै खानेपानी तथा सरसफाइ योजनामा पानीको गुणस्तर सुनिश्चित गर्न गाउँपालिकाले गाउँपालिकास्तरमा पानीको गुणस्तर परिक्षण प्रयोगशाला स्थापना गरी सञ्चालनमा ल्याउने छ। पानीको गुणस्तर परिक्षण गर्दा बोर्डले न्युनतम शुल्क निर्धारण गर्न सकने छ ।

## प्रतिवेदन पद्दति

उपभोक्ता समितिले हरेक आर्थिक वर्षको पहिलो त्रैमासिक अवधिभित्र खानेपानी तथा सरसफाइ योजनाको भौतिक अवस्था सम्बन्धी प्रतिवेदन वडा कार्यालयमा पेश गर्दछ र त्यसको बेधार्थ खानेपानी तथा सरसफाइ उपभोक्ता समिति सञ्जाल तथा आवद्ध भएको सहकारी संस्थामा पेश गर्दछ। यो खानेपानी तथा सरसफाइ योजनाहरुको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन, उपभोक्ता समितिको संस्थागत व्यवस्थापन, पूर्ण सरसफाइ, महिनावारी भएको बेला महिलाहरुले चर्पी तथा धारा प्रयोग गरेको र घरबारी व्यवस्थापनको अवस्था सम्बन्धी बिषयहरुलाई समेट्दछ । कुनै प्रकारको आपतकालिन मर्मत सम्भार, सेवा विस्तार तथा अन्य आवश्यक सहयोगका विषयहरु समेत प्रतिवेदनमा समावेश गरिन्छन । वडा कार्यालयले प्रतिवेदन संग्रह गरी खानेपानी, सरसफाइ तथा स्वच्छता इकाईमा पेश गर्दछ। यदि खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन बोर्ड वा खानेपानी तथा सरसफाइ उपभोक्ता समिति सञ्जालले विषेश रुपमा ध्यान दिनुपर्ने कुनै विषय भएमा समेत यस प्रतिवेदनमा समावेश गरिन्छ।

## खानेपानी, सरसफाइ तथा स्वच्छता - व्यवस्थापन सूचना प्रणाली

खानेपानी, सरसफाइ तथा स्वच्छता इकाईले गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता - व्यवस्थापन सूचना प्रणाली स्थापना गरी अध्यावधिक गर्दछ। इकाइले आवश्यक भएको बेला खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन बोर्डलाई स-प्रमाण निर्णय गर्न वास्तविक तथ्याङ्क उपलब्ध गराउनु पर्दछ। खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी गाउँपालिकाको व्यवस्थापन सूचना प्रणाली राष्ट्रिय व्यवस्थापन सूचना प्रणालीसंग जोडिएको छ।

उपभोक्ता समितिबाट वडा कार्यालय मार्फत प्रतिवेदनहरु प्राप्त भै सके पछी खानेपानी, सरसफाइ तथा स्वच्छता इकाईले अनुगमन भ्रमणहरु मार्फत प्रतिवेदनमा भएका तथ्याङ्क तथा विवरणहरुको चेक जाँच गर्दछ। चेक जाँच भै सकेका तथ्याङ्क तथा विवरणको आधारमा खानेपानी, सरसफाइ तथा स्वच्छता इकाईले व्यवस्थापन सूचना प्रणाली अध्यावधिक गर्दछ।

## अनुगमन तथा मूल्यांकन

खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन बोर्डले नियमित अनुगमन गर्ने पद्दति स्थापना गर्दछ। बोर्डले खानेपानी तथा सरसफाइ योजनाहरुको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन, उपभोक्ता समितिको संस्थागत व्यवस्थापन, पूर्ण सरसफाइ, महिनावारी भएको बेला महिलाहरुले चर्पी तथा धारा प्रयोग गरेको र घरबारी व्यवस्थापनको अवस्थाको अनुगमन गर्दछ । अनुगमन भ्रमणहरुले प्रतिवेदनमा भएका तथ्याङ्क तथा विवरणहरुको चेक जाँच गर्दछन। अनुगमन भ्रमणहरुले योजनामा कुनै प्रकारको सहयोगको आवश्यकता भए नभएको समेत लेखाजोखा गर्दछ।

चेक जाँच भै सकेका तथ्याङ्क तथा विवरणहरुको आधारमा खानेपानी, सरसफाइ तथा स्वच्छता इकाइले गाउँपालिका भरिका सबै खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरुको स्तरीय प्रकृयाबाट मूल्यांकन गर्दछ। उत्कृष्ठ उपभोक्ता समितिहरुलाई हौसला प्रदान गर्न खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन बोर्डको सिफारिसमा गाउँ कार्यपालिका/गाउँ सभा ले पुरस्कृत गर्दछ।

## दिगो विकास लक्ष हासिलको प्रतिवद्धता

खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन बोर्ड निम्नानुसारका लक्षहरु हासिल गर्न प्रतिबद्ध रहेको छ।

लक्ष ५ : लैङ्गिक समानता हासिल गर्ने र सबै महिला तथा किशोरीहरूको सशक्तीकरण गर्ने।

लक्ष ६ : सबैका लागि सफा पानी तथा सरसफाइमा पहुँच सुनिश्चित गर्ने।

लक्ष १०: देशभित्रै वा देशहरूबीच रहेको असमानतालाई न्यून गर्ने।

### सम्पर्क:

**परियोजना सहयोग इकाई :**
अमरगढी नगरपालिका –५, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश ,नेपाल
फोन + :९७७- ९६-४१०४१३/४१०४१४
फ्याक्स + :९७७- ९६- ४१०४१५
ईमेल: info@rvwrmp.org.np

**सम्पर्क कार्यालय:**
मानभवन, जावलाखेल, ललितपुर , नेपाल
फोन + :९७७- १- ५५५०६२८/५५४३३०१
फ्याक्स + :९७७-१-५५२१४१७

वेब: www.rvwrmp.org.np

**प्राविधिक सहयोग इकाईहरुः** अछाम, बैतडी, बझाङ्ग, बाजुरा, डडेल्धुरा, दैलेख, दार्चुला, डोटी, हुम्ला र कैलाली

"यो सामग्री युरोपेली संघ र वैदेशिक मामिला मन्त्रालय, फिनल्याण्ड समेतको आर्थिक सहयोगमा उत्पादन गरिएको हो। यसमा व्यक्त गरिएका दृष्टिकोणहरुले युरोपेली संघ वा वैदेशिक मामिला मन्त्रालय, फिनल्याण्डको आधिकारिक धारणा प्रतिबिम्बित गर्दैन।"